सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)
तेल्लोक, ताप्लेजुङ

कोशी प्रदेश, नेपाल

सूचना नं- १२५

## निशुल्क जग्गा प्राप्ती सम्बन्धि सार्वजनिक सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८३।०१।२२)

प्रस्तुत वियषमा यस सिरीजङ्घा गाउँपालिका वडा नं. ४ स्थित श्री तेल्लोक माध्यमिक विद्यालयलाई विद्यालयको अन्य पूर्वाधार निर्माण एवं प्यारापिट सहितको खेलमैदान विस्तार तथा स्तरोन्नती र वडा नं. ५ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालयलाई विद्यालयको खेलमैदान विस्तार तथा स्तरोन्नती गर्नका लागी जग्गा अपुग भएकाले सम्बन्धित विद्यालयको नाममा पास हुनेगरी तपशिल बमोजिमको चारकिल्ला भित्र पर्ने जग्गा नि:शुल्क जग्गा उपलब्ध गराउन ईच्छुक व्यक्ति वा संघ संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित मितिको १५ (पन्ध्र) दिनभित्र कार्यालय समय भित्र आफुले उपलब्ध गराउन चाहेको जग्गाको विवरण सहितको दरखास्त पेश गर्न गाउँ कार्यपालिकाको मितिः २०८३/०१/१५ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि मोबाईल नं. ९८६२००६२३७ मा सम्पर्क गर्न सक्नुहुनेछ।

**तपशिलः**

| तेल्लोक माध्यमिक विद्यालयको हकमाः | राष्ट्रिय मा.वि.को हकमाः |
|---|---|
| पुर्व तर्फः चिताहाङ लिम्बुको साँधसिमाना | पुर्व तर्फः खेवाङ जाने मोटरबाटो |
| पश्चिम तर्फः गोज बहादुर थेवे र जेनिशा भट्टराईको साँधसिमाना | पश्चिम तर्फः राष्ट्रिय मा.वि.को साँधसिमाना |
| उत्तर तर्फः तेल्लोक मा.वि.को साँधसिमाना | उत्तर तर्फः हरि महत र भक्त बहादुर भण्डारीको साँधसिमाना |
| दक्षिण तर्फः जसोदा लिम्बुको साँधसिमाना | दक्षिण तर्फः राष्ट्रिय मा.वि.को पुरानो भवन |

१. निवेदन साथ नि:शुल्क उपलब्ध हुने जग्गाको स्वामित्व जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी
२. जग्गा धनीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, संघ संस्था भए संस्था दर्ता प्रमाण पत्रको स्वप्रमाणीत प्रतिलिपी, जग्गादाताको मञ्जुरीनामा समेत पेश गर्नु पर्ने छ।
३. निशुल्क उपलब्ध गराउने गरि दरखास्त पेश हुन आएका जग्गाहरु मध्ये कुन जग्गा प्राप्ती गर्ने वा नगर्ने सम्बन्धमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।
४. दरखास्त पेश गर्ने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र दरखास्त पेश गर्न सकिनेछ।
५. यस अघि माथि उल्लेखित चारकिल्ला क्षेत्रभित्रका जग्गाको अधिग्रहण सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मितिः २०८१।१२।१४ गते प्रकाशित सूचनामा गाउँपालिकाको नाममा विभिन्न कित्ता नं.का जग्गा अधिग्रहण गरि पास गर्ने भनि अन्यथा भएकोले सच्याईएको छ। उल्लेखित कित्ता नं. का जग्गा निशुल्क उपलब्ध गर्न मञ्जुर भएमा निवेदन पेश गर्नुहुन जानकारी गरिएकोछ। निशुल्क जग्गा उपलब्ध हुन नसकेमा गाउँपालिकाले जग्गा अधिग्रहणको प्रक्रिया अघि बढाउनेछ। उक्त सूचना बमोजिमका विभिन्न कित्ता नं. का जग्गा अधिग्रहण गरि सम्बन्धित विद्यालयको नाममा पास गर्नको लागि सम्बन्धित निकायमा पेश गरिनेछ।

प्राम्भिक अधिकृत


sirijanghamun.gov.np ००९७७-९८५-२६६०-३३२ sirijangharuralmunicipality@gmail.com